नेपाल सरकार

# राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

(सूचना व्यवस्थापन शाखा)

*सिंहदरवार, काठमाडौं*

*फोन: ४२११९०३, ४२११०७९*

प.स. २०७५/०७६ (२०७५/६६)

च.नं. ११४

मितिः-२०७५/०९/०४

**बिषय : प्राधिकरण स्थापना दिवस मनाउने सन्दर्भमा ।**

**श्री जिल्ला आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) : सबै**

**श्री जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन) : सबै**

**श्री जिल्ला आयोजना कार्यान्वयन इकाई (शिक्षा) : सबै**

उपर्युक्त सम्बन्धमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण कार्यकारी समितिको मिति २०७५/०८/१९ गते बसेको ११४ औं बैठकको निर्णय अनुसार २०७५ पौष १२ गते सबै भूकम्प प्रभावित जिल्लाहरुमा प्राधिकरणको तेस्रो स्थापना दिवस विविध कार्यक्रम गरी मनाउने निर्णय गरेकाले तपशिल अनुसारका कार्यक्रमहरु सञ्चालन गरी प्राधिकरणको स्थापना दिवस मनाउन हुन आदेशानुसार अनुरोध गरिन्छ।

०९।०४

मनोहर घिमिरे

(उपसचिव )

**सञ्चालन गर्न सकिने कार्यक्रमहरुः**

१. भूकम्प पछिको पुनर्निर्माणका सम्बन्धमा जिल्लामा हालसम्म भएको प्रगतिको बारेमा सरोकारवालाहरुको सहभागितामा संक्षिप्त औपचारिक कार्यक्रम गरी प्रगतिको बारेमा अवगत गराउने ।

२. जिल्लामा पुनर्निर्माणका कार्यहरु अन्तर्गत एकीकृत वस्ती शिलान्यास, विस्थापित तथा भूमिहिन लाभग्राहीहरुका लागि जग्गा खरिदको पुर्जा हस्तान्तरण, पुनर्निर्माण सम्पन्न विदद्यालहरुको हस्तान्तरण, पुनर्निर्माण सम्पन्न सडकहरुको हस्तान्तरण जस्ता कार्यक्रमहरु संघीय तथा प्रदेश सभासद वा प्राधिकरणका कार्यकारी समितिका सदस्य वा जिल्ला समन्वय समितिका प्रमुख वा स्थानीय तहका प्रमुखहरुको प्रमुख आतिथ्यता तथा अन्य सरोकारवालाहरुको सहभागितामा कार्यक्रम सञ्चालन गर्ने ।

नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
सिंहदरबार, काठमाडौं, २०७२

३. निजी आवास पुनर्निर्माणको अभिमुखीकरण तथा समिक्षा गोष्ठी सञ्चालन भईरहेका जिल्लाहरुमा केन्द्रबाट आएको टोलीसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने ।

४. जिल्ला स्थित आयोजना कार्यान्वयन इकाईहरुले जिल्ला स्थित जिल्ला आयोजना कार्यान्वयन इकाईहरुका विचमा समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने ।

**अवगतार्थ तथा बोधार्थः**

१. श्रीमान् प्रमुख कार्यकारी अधिकृतज्यूको सचिवालय, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सिंहदरवार काठमाण्डौं ।
२. श्रीमान् सचिवज्यूको सचिवालय, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सिंहदरवार काठमाण्डौं ।
३. श्री महाशाखा प्रमुख (सबै), राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सिंहदरवार काठमाण्डौं ।
४. श्री केन्द्रीय आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) : जिल्ला आयोजना कार्यान्वयन इकाईहरुलाई कार्यक्रम सञ्चालनका लागि निर्देशन दिनु हुन ।
५. श्री केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन) : जिल्ला आयोजना कार्यान्वयन इकाईहरुलाई कार्यक्रम सञ्चालनका लागि निर्देशन दिनु हुन ।
६. श्री केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा) : जिल्ला आयोजना कार्यान्वयन इकाईहरुलाई कार्यक्रम सञ्चालनका लागि निर्देशन दिनु हुन ।

०५।०४